सुदूरपश्चिम प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

धनगढी, कैलाली, नेपाल

**सम्बत् २०८० साल असार ७ गते बसेको सुदूरपश्चिम प्रदेश सरकार, मन्त्रिपरिषद्को १६१ औं वैठकले गरेको निर्णय-**

१. आन्तरिक मामिला तथा कानून मन्त्रालय- प्रदेश सभाका निवर्तमान सदस्य अम्बी कुमारी थापाको औषधि उपचार वापतको रकम प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५ को दफा १३ को उपदफा (४) बमोजिम प्रदेश सभा सचिवालय मार्फत सम्बन्धित अस्पताललाई भुक्तानी दिने।

२. आन्तरिक मामिला तथा कानून मन्त्रालय- प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री पृथ्वी बहादुर सिंह सवार गाडी मिति २०८० वैशाख ५ गते बझांग जिल्लामा भएको दुर्घटनाका सम्बन्धमा सत्यतथ्य पत्ता लगाउन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव (कानुन) श्री गंगाबहादुर खरेलको संयोजकत्वमा ७ सदस्यीय छानविन समिति गठन गर्ने ।

३. आन्तरिक मामिला तथा कानून मन्त्रालय- प्रदेश सभा सचिवालयको संगठन संरचनामा २ जनाको अस्थायी दरवन्दी थप गर्न स्वीकृति प्रदान गर्ने ।

४. सामाजिक विकास मन्त्रालय- निजामती कर्मचारी आवासीय विद्यालय (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०८० स्वीकृत गर्ने ।

५. सामाजिक विकास मन्त्रालय- सुदूरपश्चिम प्रदेश वादी उत्थान छात्रवृत्ति वितरण कार्यविधि, २०८० स्वीकृत गर्ने ।